# प्रदेश लोक सेवा आयोग

## कोशी प्रदेश, विराटनगर, नेपाल

## (सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## स्थानीय सरकारी सेवा अन्तर्गत विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फका सहायकस्तर पाँचौ तहका पदहरूको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २७८/२०८२-०८३, मिति : २०८२/८/२९ गते सोमबार**

ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने स्थानीय सरकारी सेवा अन्तर्गत कोशी प्रदेश भित्रका विभिन्न स्थानीय तहका स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा (२१) बमोजिम कायम हुन आएका सहायक स्तर पाँचौं तहका प्राविधिक तथा अप्राविधिक पदहरूका लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ तथा देहायका सर्तको अधीनमा रही बढुवाका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२/९/२९ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ र दफा ३७ बमोजिमको योग्यता तथा दफा ३० बमोजिम योग्य भएको हुनु पर्नेछ।
२. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश किताबखानाबाट आफूले पाएको संकेत नम्बर (सिटरोल नं.) उल्लेख गर्नु पर्नेछ।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
४. दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन विदा र तालिम लिएको भए सो को अवधि तथा गयल कट्टी भएको भए सोको विवरण खुलाई पेश गर्नुपर्नेछ।
५. दरखास्त फारामको महलहरूमा उल्लेख भए बमोजिमका सम्पूर्ण विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ।
६. आयोगमा बढुवाको फाराम बुझाउँदा सम्बन्धित तहको लागि पदपूर्ति हुने स्थानीय तहहरूका लागि आयोगबाट प्राप्त विवरण फाराममा आफूले जान चाहेको स्थानीय तहको प्राथमिकताक्रम भरी अनिवार्य दस्तखत समेत गरी बढुवाको फाराम साथ बुझाउनुपर्नेछ।
७. दरखास्त दस्तुरः
   दरखास्त दस्तुर रु. ७००।- (रु. सात सय मात्र) बुझाउनु पर्नेछ।
८. दरखास्त दस्तुर बुझाउने स्थानः-
   राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१ वा
   नेपाल बैंक लिमिटेड, खाता नं. २७००२०००००१००१००००००१ वा
   कृषि विकास बैंक, खाता नं. ०६०१६०१६१३०३६०१७
   कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)
   राजश्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजश्वको बैंक भौचर प्रति संलग्न गर्नु पर्नेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट psc.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

### ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू

**क) प्राविधिकतर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १०/०८२-८३ | सब इन्जिनियर | ५ | स्थानीय इन्जिनियरिङ/ सिभिल | ८ |
| २ | ११/०८२-८३ | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| ३ | १२/०८२-८३ | पशु स्वास्थ्य प्राविधिक | ५ | स्थानीय कृषि, भेटेरीनरी | १ |
| ४ | १३/०८२-८३ | पशु सेवा प्राविधिक | ५ | स्थानीय कृषि, ला.पो. एण्ड डे.डे. | १ |
| ५ | १४/०८२-८३ | हेल्थ असिस्टेन्ट | ५ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | ५ |
| ६ | १५/०८२-८३ | स्टाफ नर्स | ५ | स्थानीय स्वास्थ्य, नर्सिङ, जनरल नर्सिङ | १ |
| ७ | १६/०८२-८३ | पब्लिक हेल्थ नर्स | ५ | स्थानीय स्वास्थ्य, नर्सिङ, कम्यूनिटी नर्सिङ | १ |

**ख) अप्राविधिकतर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १७/०८२-८३ | नायव सुब्बा | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | ८ |
| २ | १८/०८२-८३ | लेखापाल | ५ | स्थानीय प्रशासन, लेखा | १ |

## स्थानीय सरकारी सेवा अन्तर्गत विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फका सहायक स्तर पाँचौँ तहका पदहरूको कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २७९/२०८२-०८३, मिति : २०८२/८/२९ गते सोमबार**

कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने स्थानीय सरकारी सेवा अन्तर्गत कोशी प्रदेश भित्रका विभिन्न स्थानीय तहका स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा (२१) बमोजिम कायम हुन आएका सहायक स्तर पाँचौं तहका प्राविधिक तथा अप्राविधिक पदहरूका लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ तथा देहायका सर्तको अधीनमा रही बढुवाका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२/९/२९ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३० बमोजिम योग्य भएको हुनुपर्नेछ।
२. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३३, ३४, ३५ र ३६ अनुसारको कार्य सम्पादनको मूल्याङ्कन, ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३२ बमोजिम हुनेछ।
३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश किताबखानाबाट आफूले पाएको संकेत नम्बर (सिटरोल नं.) उल्लेख गर्नुपर्नेछ।
४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।
५. दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन विदा र तालिम लिएको भए सोको अवधि तथा गयल कट्टी भएको भए सोको विवरण खुलाई पेश गर्नुपर्नेछ।
६. दरखास्त फारामको महलहरूमा उल्लेख भए बमोजिमका सम्पूर्ण विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ।
७. आयोगमा बढुवाको फाराम बुझाउँदा सम्बन्धित तहको लागि पदपूर्ति हुने स्थानीय तहहरूको लागि आयोगबाट प्राप्त विवरण फाराममा आफूले जान चाहेको स्थानीय तहको प्राथमिकताक्रम भरी अनिवार्य दस्तखत समेत गरी बढुवाको फाराम साथ बुझाउनुपर्नेछ।
८. दरखास्त दस्तुरः रु. ७००।- (रु. सात सय मात्र) बुझाउनुपर्नेछ।
९. दरखास्त दस्तुर बुझाउने स्थानः-
   राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१ वा
   नेपाल बैंक लिमिटेड, खाता नं. २७००२०००००१००१००००००१ वा
   कृषि विकास बैंक, खाता नं. ०६०१६०१६१३०३६०१७
   कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)
   राजश्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजश्वको बैंक भौचर प्रति संलग्न गर्नुपर्नेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट psc.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा दरखास्त बुझाइसक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

### कार्य क्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू

**क) प्राविधिक तर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १९/०८२-८३ | सब इन्जिनियर | ५ | स्थानीय इन्जिनियरिङ/सिभिल | ७ |
| २ | २०/०८२-८३ | सब इन्जिनियर | ५ | स्थानीय इन्जिनियरिङ/मेकानिकल/ज.मे.इ. | १ |
| ३ | २१/०८२-८३ | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/कृषि प्रसार | २ |
| ४ | २२/०८२-८३ | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/बाली संरक्षण | १ |
| ५ | २३/०८२-८३ | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/बाली विकास | १ |
| ६ | २४/०८२-८३ | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/फुड.न्यू.तथा क्वा.क. | १ |
| ७ | २५/०८२-८३ | पशु स्वास्थ्य प्राविधिक | ५ | स्थानीय कृषि, भेटेरीनरी | १ |
| ८ | २६/०८२-८३ | पशु सेवा प्राविधिक | ५ | स्थानीय कृषि, ला.पो. एण्ड डे.डे. | १ |
| ९ | २७/०८२-८३ | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/मत्स्य | १ |
| १० | २८/०८२-८३ | हेल्थ असिस्टेन्ट | ५ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | ६ |
| ११ | २९/०८२-८३ | स्टाफ नर्स | ५ | स्थानीय स्वास्थ्य, नर्सिङ, जनरल नर्सिङ | १ |

**ख) अप्राविधिक तर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ३०/०८२-८३ | नायव सुब्बा | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | ८ |
| २ | ३१/०८२-८३ | लेखापाल | ५ | स्थानीय प्रशासन, लेखा | १ |
| ३ | ३२/०८२-८३ | महिला विकास निरीक्षक | ५ | स्थानीय प्रशासन, विविध, महिला विकास | १ |

## स्थानीय सरकारी सेवा अन्तर्गत विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फ सहायक स्तर पाँचौँ तहका पदहरूको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. २८०/२०८२-०८३, मिति : २०८२/८/२९ गते सोमबार**

स्थानीय सरकारी सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा (खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.p१.gov.np मार्फत आवेदन दिनु पर्नेछ।

**क. प्राविधिकतर्फः**

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ५००१/०८२-८३ | खुला | सब इन्जिनियर | ५ | स्थानीय इन्जिनियरिङ/सिभिल | १३ |
| २ | ५००२/०८२-८३ | आ.ज. | सब इन्जिनियर | ५ | स्थानीय इन्जिनियरिङ/सिभिल | ३ |
| ३ | ५००३/०८२-८३ | महिला | सब इन्जिनियर | ५ | स्थानीय इन्जिनियरिङ/सिभिल | ३ |
| ४ | ५००४/०८२-८३ | थारु | सब इन्जिनियर | ५ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| ५ | ५००५/०८२-८३ | मधेशी | सब इन्जिनियर | ५ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| ६ | ५००६/०८२-८३ | मुस्लिम | सब इन्जिनियर | ५ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| ७ | ५००७/०८२-८३ | अपाङ्ग | सब इन्जिनियर | ५ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| ८ | ५००८/०८२-८३ | खुला | सब इन्जिनियर | ५ | स्थानीय इन्जिनियरिङ/सिभिल/वि.एन्ड आ. | १ |
| ९ | ५००९/०८२-८३ | खुला | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/कृषि प्रसार | १४ |
| | | | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/बागवानी | १ |
| | | | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/बाली संरक्षण | २ |
| | | | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/बाली विकास | १ |
| | | | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/माटो विज्ञान | १ |
| १० | ५०१०/०८२-८३ | आ.ज. | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/कृषि प्रसार | ४ |
| | | | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/वागवानी | १ |
| | | | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/बाली विकास | १ |
| ११ | ५०११/०८२-८३ | महिला | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/कृषि प्रसार | ३ |
| | | | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/बाली संरक्षण | १ |
| १२ | ५०१२/०८२-८३ | दलित | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/बाली संरक्षण | १ |
| १३ | ५०१३/०८२-८३ | थारु | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| १४ | ५०१४/०८२-८३ | मधेशी | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| १५ | ५०१५/०८२-८३ | मुस्लिम | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| १६ | ५०१६/०८२-८३ | आ.ज. | प्राविधिक सहायक | ५ | स्थानीय कृषि/फूड.न्यूट्रिसन एण्ड क्वालिटी कन्ट्रोल | १ |
| १७ | ५०१७/०८२-८३ | खुला | पशु स्वास्थ्य प्राविधिक | ५ | स्थानीय कृषि/भेटेरिनरी | ६ |
| | | | पशु सेवा प्राविधिक | ५ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | ७ |
| १८ | ५०१८/०८२-८३ | आ.ज. | पशु स्वास्थ्य प्राविधिक | ५ | स्थानीय कृषि/भेटेरिनरी | २ |
| | | | पशु सेवा प्राविधिक | ५ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | २ |
| १९ | ५०१९/०८२-८३ | महिला | पशु स्वास्थ्य प्राविधिक | ५ | स्थानीय कृषि/भेटेरिनरी | १ |
| | | | पशु सेवा प्राविधिक | ५ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | २ |
| २० | ५०२०/०८२-८३ | दलित | पशु सेवा प्राविधिक | ५ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | १ |
| २१ | ५०२१/०८२-८३ | खुला | सहायक वातावरण निरीक्षक | ५ | स्थानीय वन तथा वातावरण | १ |
| २२ | ५०२२/०८२-८३ | खुला | प्राविधिक सहायक | ५ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | ५ |
| २३ | ५०२३/०८२-८३ | आ.ज. | प्राविधिक सहायक | ५ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | १ |
| २४ | ५०२४/०८२-८३ | महिला | प्राविधिक सहायक | ५ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | १ |
| २५ | ५०२५/०८२-८३ | खुला | हेल्थ असिस्टेन्ट | ५ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ११ |
| २६ | ५०२६/०८२-८३ | आ.ज. | हेल्थ असिस्टेन्ट | ५ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | २ |
| २७ | ५०२७/०८२-८३ | महिला | हेल्थ असिस्टेन्ट | ५ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ३ |
| २८ | ५०२८/०८२-८३ | थारू | हेल्थ असिस्टेन्ट | ५ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| २९ | ५०२९/०८२-८३ | खुला | स्टाफ नर्स | ५ | स्थानीय स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | ४ |
| ३० | ५०३०/०८२-८३ | महिला | स्टाफ नर्स | ५ | स्थानीय स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | १ |
| ३१ | ५०३१/०८२-८३ | खुला | पब्लिक हेल्थ नर्स | ५ | स्थानीय स्वास्थ्य/नर्सिङ/कम्यूनिटी नर्सिङ | १ |
| ३२ | ५०३२/०८२-८३ | आ.ज. | पब्लिक हेल्थ नर्स | ५ | स्थानीय स्वास्थ्य/नर्सिङ/कम्यूनिटी नर्सिङ | १ |
| ३३ | ५०३३/०८२-८३ | खुला | रेडियोग्राफर | ५ | स्थानीय स्वास्थ्य/रेडियोग्राफी/रेडियोग्राफी | १ |
| ३४ | ५०३४/०८२-८३ | खुला | फार्मेसी सुपरभाइजर | ५ | स्थानीय स्वास्थ्य/फार्मेसी | १ |
| ३५ | ५०३५/०८२-८३ | आ.ज. | फार्मेसी सुपरभाइजर | ५ | स्थानीय स्वास्थ्य/फार्मेसी | १ |
| ३६ | ५०३६/०८२-८३ | आ.ज. | एनेस्थेसिया सुपरभाइजर | ५ | स्थानीय स्वास्थ्य/विविध/एनेस्थेसिया | १ |

**ख. अप्राविधिकतर्फ**

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ५५०१/०८२-८३ | खुला | नायव सुब्बा | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | ६२ |
| | | | लेखापाल | ५ | स्थानीय प्रशासन, लेखा | २ |
| | | | आ.ले.प. सहायक | ५ | स्थानीय प्रशासन, आ.ले.प. | २ |
| २ | ५५०२/०८२-८३ | आ.ज. | नायव सुब्बा | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | १७ |
| | | | लेखापाल | ५ | स्थानीय प्रशासन, लेखा | १ |
| | | | आ.ले.प. सहायक | ५ | स्थानीय प्रशासन, आ.ले.प. | १ |
| ३ | ५५०३/०८२-८३ | महिला | नायव सुब्बा | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | १७ |
| | | | आ.ले.प. सहायक | ५ | स्थानीय प्रशासन, आ.ले.प. | १ |
| ४ | ५५०४/०८२-८३ | दलित | नायव सुब्बा | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | ३ |
| | | | लेखापाल | ५ | स्थानीय प्रशासन, लेखा | १ |
| ५ | ५५०५/०८२-८३ | थारु | नायव सुब्बा | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | ३ |
| ६ | ५५०६/०८२-८३ | मधेशी | नायव सुब्बा | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | २ |
| ७ | ५५०७/०८२-८३ | मुस्लिम | नायव सुब्बा | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | २ |
| ८ | ५५०८/०८२-८३ | अपाङ्ग | नायव सुब्बा | ५ | स्थानीय प्रशासन, सामान्य प्रशासन | २ |
| ९ | ५५०९/०८२-८३ | खुला | तथ्याङ्क सहायक | ५ | स्थानीय सूचना प्रविधि तथा तथ्याङ्क | १ |
| १० | ५५१०/०८२-८३ | आ.ज. | महिला विकास निरीक्षक | ५ | स्थानीय प्रशासन, विविध, महिला विकास | १ |
| ११ | ५५११/०८२-८३ | खुला | नायब सुब्बा | ५ | स्थानीय कानून, कानून | २ |
| १२ | ५५१२/०८२-८३ | आ.ज. | नायब सुब्बा | ५ | स्थानीय कानून, कानून | १ |
| १३ | ५५१३/०८२-८३ | दलित | नायब सुब्बा | ५ | स्थानीय कानून, कानून | १ |

**परीक्षाको किसिमः-** लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता।

**लिखित परीक्षा कार्यक्रमः-**

**क. प्राविधिकतर्फ :**

| क्र. सं. | सेवा/समूह/उपसमूह | तह | पद | परीक्षा मिति र समय: प्रथम पत्र | परीक्षा मिति र समय: द्वितीय पत्र |
|---|---|---|---|---|---|
| १ | इन्जिनियरिङ/सिभिल | ५ | सब इन्जिनियर | २०८२/११/२ गते बिहान ७:३० बजे | २०८२/१२/१३ गते दिनको १:०० बजे |
| २ | इन्जिनियरिङ/सिभिल/वि. एण्ड आ. | ५ | सब इन्जिनियर | २०८२/११/१ गते बिहान ७:३० बजे | २०८२/१२/१२ गते दिनको १:०० बजे |
| ३ | कृषि/कृषि प्रसार,वागवानी, बाली संरक्षण, बाली विकास, माटो विज्ञान | ५ | प्राविधिक सहायक | २०८२/११/३ गते बिहान ७:३० बजे | २०८२/१२/१४ गते दिनको १:०० बजे |
| ४ | कृषि/फुड.न्यूट्रिसन एण्ड क्वालिटी कन्ट्रोल | ५ | प्राविधिक सहायक | २०८२/११/४ गते बिहान ७:३० बजे | २०८२/१२/१८ गते दिनको १:०० बजे |
| ५ | कृषि/भेटेरिनरी, ला.पो. एण्ड डे.डे. | ५ | पशु स्वास्थ्य प्राविधिक/ पशु सेवा प्राविधिक | २०८२/११/६ गते बिहान ७:३० बजे | २०८२/१२/२८ गते बिहानको ७:३० बजे |
| ६ | वन तथा वातावरण | ५ | सहायक वातावरण निरीक्षक | २०८२/११/८ गते बिहान ७:३० बजे | २०८२/१२/१९ गते दिनको १:०० बजे |
| ७ | शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | ५ | प्राविधिक सहायक | २०८२/११/७ गते बिहान ७:३० बजे | २०८२/१२/२१ गते बिहानको ७:३० बजे |
| ८ | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ५ | हेल्थ असिष्टेन्ट | २०८२/११/९ गते बिहान ७:३० बजे | २०८२/१२/२८ गते दिनको १:०० बजे |
| ९ | स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | ५ | स्टाफ नर्स | २०८२/११/१० गते बिहान ७:३० बजे | २०८२/१२/२१ गते दिनको १:०० बजे |
| १० | स्वास्थ्य/नर्सिङ/कम्यूनिटी नर्सिङ | ५ | पब्लिक हेल्थ नर्स | २०८२/११/११ गते बिहान ७:३० बजे | २०८२/१२/२२ गते दिनको १:०० बजे |
| ११ | स्वास्थ्य/रेडियोग्राफी/रेडियोग्राफी | ५ | रेडियोग्राफर | २०८२/११/१२ गते बिहान ७:३० बजे | २०८२/१२/२३ गते दिनको १:०० बजे |
| १२ | स्वास्थ्य/फार्मेसी | ५ | फार्मेसी सुपरभाइजर | २०८२/११/१३ गते बिहान ७:३० बजे | २०८२/१२/२४ गते दिनको १:०० बजे |
| १३ | स्वास्थ्य/विविध/एनेस्थेसिया | ५ | एनेस्थेसिया सुपरभाइजर | २०८२/११/१४ गते बिहान ७:३० बजे | २०८२/१२/२५ गते दिनको १:०० बजे |

**ख. अप्राविधिकतर्फ :**

| क्र.सं. | सेवा/समूह/उपसमूह | तह | पद | परीक्षा मिति र समय: प्रथम पत्र | परीक्षा मिति र समय: द्वितीय पत्र |
|---|---|---|---|---|---|
| १ | प्रशासन/सामान्य प्रशासन, लेखा, आ.ले.प. | ५ | नायव सुब्बा/लेखापाल/आ.ले.प. सहायक | २०८२/११/३० गते बिहान ७:३० बजे | २०८३/१/५ गते दिनको १:०० बजे |
| २ | सुचना प्रविधि तथा तथ्याङ्क | ५ | तथ्याङ्क सहायक | २०८२/११/२९ गते दिनको १:०० बजे | २०८२/१२/२६ गते दिनको १:०० बजे |
| ३ | प्रशासन, विविध, महिला विकास | ५ | महिला विकास निरीक्षक | २०८२/१२/१ गते बिहानको ७:३० बजे | २०८२/१२/२७ गते दिनको १:०० बजे |
| ४ | कानून, कानून | ५ | नायब सुब्बा | २०८२/१२/२ गते बिहानको ७:३० बजे | २०८२/१२/२९ गते दिनको १:०० बजे |

**परीक्षा केन्द्रः-** परीक्षा केन्द्र पछि प्रकाशन गरिनेछ।

**परीक्षा दस्तुरः-**

| तह | दरखास्त दस्तुर | समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि |
|---|---|---|
| पाँचौं | रु. ७००।- | रु. २००।- |

**दरखास्त दिने अन्तिम मितिः-** २०८२/९/२० गते र दोब्बर दस्तुर तिरी २०८२/९/२७ गतेसम्म।

**दरखास्त दस्तुर बुझाउने स्थान र विधिः-** दरखास्त दस्तुर आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा मास्टर आइडी (Master ID) र कारोबार सङ्केत नं. उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएको बैंकबाट नगद समेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** ढिलोमा २०८२/९/२८ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य बुझाइसक्नुपर्नेछ।

**दरखास्तको माध्यमः-** खुला तथा समावेशीतर्फ विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनुपर्नेछ। अनलाइन मार्फत दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण psconline.p1.gov.np बाट हेर्न सकिनेछ।

**उम्मेदवारको उमेरको हदः-** २०८२/९/२० गतेसम्म १८ बर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० बर्ष ननाघेको।स्वास्थ्य सेवाको हकमा १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको स्थायी कर्मचारीहरूको हकमा उमेरको हद लाग्ने छैन।

**पेश गर्नुपर्ने कागजातः-** उम्मेदवारले न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभव, द्रष्टव्यको (क) बमोजिमको प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नुपर्नेछ। सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको दुवै भाग स्क्यान गरी JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ।

**दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जिम्मेवार र जवाफदेही हुनुपर्नेछ।**

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा समूह सम्बन्धी।

**तलब :-** प्रचलित कानून बमोजिम।

बाँकी १८ पृष्ठमा

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,५८,८०० ▲ |
| चाँदी | : | ३८२५ ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २५९४.८७ (-१२.५०) ▼ |
| कारोबार रकम | : | ४,००७,४५५,०७७ ▲ |
| कारोबार भएका सेयर | : | ११,२७२,१६८ |
| कारोबार सङ्ख्या | : | ६०,६६९ |
| कारोबार भएका कम्पनी | : | ३३० |

## खुल्यो तातोपानी नाका

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर २८ गते*

स्थानीयले बन्द गराएको सिन्धुपाल्चोकको तातोपानीस्थित नेपाल–चीन नाका अन्तर्गतको सडक आइतबारदेखि खुलेको छ । यससँगै सो नाकाबाट भन्सार जाँचपासको काम सुरु भएको छ।

अरनिको राजमार्गको इको पहिरो निर्माणका लागि आफूहरूसँग गरिएको सहमति कार्यान्वयन नभएको भन्दै स्थानीयले एक सातादेखि सडक अवरुद्ध गरेका थिए। आइतबार भएको सहमति अनुसार सडक खुलेसँगै नाका सञ्चालनमा आएको हो।

नाका बन्द हुँदा ३० करोड रुपियाँ बराबरको फलफूल नष्ट भएको छ । स्थानीयवासीको अवरोधका कारण एक सातादेखि तातोपानी नाका बन्द हुँदा ३० करोड रुपियाँ बराबरको फलफूल नष्ट भएको हो।

हिमालय सीमापार वाणिज्य सङ्घका सदस्य एवं व्यवसायी शारदाप्रसाद पराजुलीले एक हप्तासम्म नाका बन्द हुँदा ४० प्रतिशत फलफूल नष्ट भएको जानकारी दिनुभयो। सीमानाकामा तीन सय कन्टेनर स्याउ थुनिँदा ३० करोड रुपियाँको फलफूल कुहिएर नष्ट हुँदा व्यवसायीलाई ठुलो क्षति पुगेको जानकारी दिनुभयो।

नासवान् सामान रोकिँदा स्याउको गुणस्तर खस्किने, बजारमा ढिला पुग्दा मूल्य घटनुका साथै भाडा, ब्याज र बिमा थपिने हुँदा व्यवसायीलाई ठुलो नोक्सान हुने गरेको उहाँको भनाइ छ । फलफूल लत्ताकपडा बोकेका तीन सय कन्टेनर सामान नाका रोकिएको उहाँले जानकारी दिनुभयो।

नाका खुला भएका बेला पनि दिनमा पाँचदेखि १० कन्टेनर मात्र पास हुँदा व्यवसायीलाई दैनिक लाखौँ रुपियाँ आर्थिक भार पर्ने उहाँको भनाइ छ। आइतबारदेखि नाका खुला भए पनि चीनको भन्सारबाट कम सङ्ख्यामा गाडी छाडिएकाले रोकिएका सामान आउन धेरै समय लाग्ने उहाँले जानकारी दिनुभयो। फलफूल व्यवसायी सागर पोखरेलले एक सातासम्म नाका बन्द हुँदा फलफूलका सात कन्टेनर सामान बिग्रेर नष्ट भएको जानकारी दिनुभयो । नाका बन्द हुँदा स्याउ, किवी, अङ्गुर बिग्रेर नष्ट भएको उहाँले जानकारी दिनुभयो।

तातोपानी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्रप्रसाद चुँडालले आइतबारदेखि नाका खुला भई सामान पास हुन थालेको जानकारी दिनुभयो। स्थानीयवासी र सडक विभागबिच सहमति भई नाका खुला भएको उहाँले जानकारी दिनुभयो। एक सातादेखि नाका बन्द हुँदा फलफूल नष्ट भएको उहाँले जानकारी दिनुभयो।

## तनहुँ जलविद्युत्को काम समयमै सक्न निर्देशन

**तनहुँ समाचारदाता**
*तनहुँ, मङ्सिर २८ गते*



**तनहुँ जलविद्युत् आयोजनाको निरीक्षण गर्नुहुँदै मन्त्री कुलमान घिसिङ ।**
*तस्बिर : अमरराज नहर्की*

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री कुलमान घिसिङले तनहुँ जलविद्युत् आयोजनाको काम तोकिएको समयसीमाभित्रै सम्पन्न गर्न आयोजनाका सरोकारवालालाई निर्देशन दिनुभएको छ। आइतबार आयोजनाको स्थलगत निरीक्षण गर्दै मन्त्री घिसिङले निर्माणमा कुनै ढिलाइ हुन नदिन र कामलाई थप प्रभावकारी रूपमा अघि बढाउन निर्देशन दिनुभएको हो।

मन्त्री घिसिङले आयोजनाको हालसम्मको भौतिक तथा वित्तीय प्रगतिबारे जानकारी लिँदै समयमै आयोजना सम्पन्न हुनु राष्ट्रिय आवश्यकता भएको उल्लेख गर्नुभयो । उहाँले देखिएका समस्या तत्काल समाधान गर्दै निर्माणलाई निरन्तरता दिन आयोजना व्यवस्थापन, ठेकेदार कम्पनी र प्राविधिक टोलीलाई जिम्मेवारीसाथ काम गर्न आग्रह गर्नुभयो। साथै उहाँले तनहुँमा सञ्चालित तनहुँ जलविद्युत् आयोजना तथा तल्लो सेती जलविद्युत् आयोजनामा नेपाली जनताले सेयर लिन पाउने गरी व्यवस्था मिलाइने बताउनुभयो।

आयोजना प्रमुख श्यामजी भण्डारीका अनुसार तनहुँ जलविद्युत् आयोजनाको समग्र प्रगति हाल ७० प्रतिशत पुगेको छ । पहिलो प्याकेज अन्तर्गत १४० मिटर अग्लो बाँधसहितका संरचना सोङ दा कर्पोरेसन, भियतनाम–कालिका कन्स्ट्रक्सन प्रालि नेपाल जेभीले निर्माण गरिरहेका छन्। यस प्याकेजमा डाइभर्सन सुरुङ, बाँधको माथिल्लो भाग उत्खनन, स्लोप निर्माण तथा प्रवेश सडक स्तरोन्नतिको काम भइरहेको छ। हाल बाँधको उचाइ २० मिटर पुगेको छ।

दोस्रो प्याकेज अन्तर्गत सुरुङ, विद्युत्गृह तथा हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकल उपकरणको आपूर्ति, जडान र सञ्चालनको काम सिनो हाइड्रो, चीनले गरिरहेको छ। तेस्रो प्याकेज अन्तर्गत दमौलीदेखि चितवनको भरतपुरसम्म २२० केभी डबल सर्किट प्रसारण लाइन निर्माणको जिम्मा केइसी भारतले लिएको छ । १४० मेगावाट क्षमताको यो आयोजना २०८३ असारभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजनाको कुल लागत ५० करोड ५० लाख अमेरिकी डलर रहेको छ । वित्तीय व्यवस्थापन अन्तर्गत एडिबी, जाइका, युरोपेली लगानी बैङ्क तथा नेपाल सरकार–नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानीमा आयोजना अघि बढाइएको छ। मन्त्री घिसिङले आयोजना समयमै सम्पन्न भए ऊर्जा उत्पादन वृद्धि, विद्युत् आपूर्ति सुदृढीकरण र राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुग्ने उल्लेख गर्दै सबै पक्षको समन्वय र प्रतिबद्धता आवश्यक रहेको बताउनुभयो।

## हालसम्मकै उच्च मूल्यमा सुन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर २८ गते*

स्थानीय बजारमा आइतबार सुनको मूल्यले नयाँ रेकर्ड कायम गरेको छ। शुक्रबार प्रतितोला दुई लाख ५६ हजार छ सय रुपियाँमा कारोबार भएको सुनको मूल्य तोलामा दुई हजार दुई सय रुपियाँ बढेर दुई लाख ५८ हजार आठ सय रुपियाँमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ । यो अहिलेसम्मकै उच्च मूल्य हो।

यसअघि ३१ असोजमा सुन प्रतितोला दुई लाख ५८ हजार पुगेको थियो । आइतबार त्यो पुरानो रेकर्ड पनि तोडेर नयाँ रेकर्ड कायम गरेको हो । आइतबार अन्तर्राष्ट्रिय बजारमा प्रतिऔँस सुनको मूल्य चार हजार तीन सय अमेरिकी डलर पुगेको छ। सुनचाँदी व्यवसायी तेजरत्न शाक्यले संयुक्त राज्य अमेरिकाको फेडरल रिजर्भ बैङ्कले ०.२५ प्रतिशत ब्याजदर घटाएकाले सुनचाँदीमा लगानी बढ्दा मूल्य बढ्न गएको जानकारी दिनुभयो।

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य उतारचढाव भएकाले थप घटबढ हुन सक्ने देखिएको उहाँले जानकारी दिनुभयो । यसअघि तोलामा दुई लाख ५८ हजार रुपियाँ पुगेको सुनको मूल्य घटेर गत कात्तिक पहिलो साता दुई लाख ३६ हजारसम्म झरेको थियो। त्यसपछि निरन्तर मूल्य बढ्दै गएको हो। एक महिनाको अवधिमा सुनको मूल्य तोलामा २२ हजार पाँच सय रुपियाँले बढेको महासङ्घले जनाएको छ।

पछिल्लो एक महिनादेखि सुनको मूल्य निरन्तर बढ्दा स्थानीय बजारमा कारोबार न्यून भएको व्यवसायीको भनाइ छ । सुनको मूल्य बढ्दै गएको र बिहेको सिजन सकिन लागेकाले बजारमा माग कम हुँदा कारोबार न्यून भएको हो। पुस महिना अफ सिजन भएकाले पनि कारोबार ठप्प हुने गरेको व्यवसायीको भनाइ छ। अर्कोतर्फ अमेरिकी डलरको मूल्यवृद्धिले पनि अन्तर्राष्ट्रिय बजारमा भन्दा छिटो मूल्य रेकर्ड तोडिएको महासङ्घले जनाएको छ।

पृष्ठ १७ को बाँकी

### आवश्यक न्यूनतम शैक्षिक योग्यता:

**खुला तथा समावेशी प्रतियोगिताको लागि:**

१. **सब इन्जिनियर, तह ५, इन्जिनियरिङ सेवा, सिभिल समूह:**-मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

२. **सब इन्जिनियर, तह ५, इञ्जिनियरिङ सेवा, सिभिल समूह, वि.एण्ड आ. उपसमूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा आर्किटेक्चरल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

३. **प्राविधिक सहायक, तह ५, कृषि सेवा, कृषि प्रसार समूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस्सी. एगृ (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./एस.इ.इ./टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लाण्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

४. **प्राविधिक सहायक, तह ५, कृषि सेवा, वागवानी समूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस्सी. एगृ (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./एस.इ.इ./टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लाण्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

५. **प्राविधिक सहायक, तह ५, कृषि सेवा, बाली संरक्षण समूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./एस.इ.इ./टी.एस. एल.सीउत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लाण्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

६. **प्राविधिक सहायक, तह ५, कृषि सेवा, बाली विकास समूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लाण्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

७. **प्राविधिक सहायक, तह ५, कृषि सेवा, माटो विज्ञान समूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./एस.इ.इ./टी.एस. एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लाण्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

८. **प्राविधिक सहायक, तह ५, कृषि सेवा, फूड न्यूट्रिसन एन्ड क्वालेटी कन्ट्रोल समूह:**मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय लिई प्रमाणपत्र वा आई. एस्सी. (एग्री) वा सो सरह उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी./एस.इ.इ./टी.एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त।

९. **पशु स्वास्थ्य प्राविधिक, तह ५, कृषि सेवा, भेटेरिनरी समूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी./एस.इ.इ./टी. एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लान्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए. (पशु विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (पशु विज्ञान) कोर्ष उत्तीर्ण।

१०. **पशु सेवा प्राविधिक, तह ५, कृषि सेवा, ला.पो.एण्ड डे.डे समूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एगृ (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी./एस.इ.इ./टी.एस. एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (मेजर इन प्लान्ट साइन्स) उत्तीर्ण वा जे.टी.ए. (पशु विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (पशु विज्ञान) कोर्ष उत्तीर्ण।

११. **सहायक वातावरण निरीक्षक, तह ५, वन तथा वातावरण:** मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

१२. **प्राविधिक सहायक, तह ५, शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

१३. **हेल्थ असिस्टेन्ट, तह ५, स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१४. **स्टाफ नर्स, तह ५, स्वास्थ्य सेवा, नर्सिङ समूह, जनरल नर्सिङ उपसमूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह तह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१५. **पब्लिक हेल्थ नर्स, तह ५, स्वास्थ्य सेवा, नर्सिङ समूह, कम्यूनिटी नर्सिङ उपसमूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१६. **रेडियोग्राफर, तह ५, स्वास्थ्य सेवा, रेडियोग्राफी समूह, रेडियोग्राफी उपसमूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१७. **फार्मेसी सुपरभाइजर, तह ५, स्थास्थ्य सेवा, फार्मेसी समूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल फार्मेसी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१८. **एनेस्थेसिया सुपरभाइजर, तह ५, स्वास्थ्य सेवा, विविध समूह, एनेस्थेसिया उपसमूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स वा हेल्थ असिस्टेन्ट उत्तीर्ण गरी एनेस्थेसिया असिस्टेन्टको १ वर्षको तालिम प्राप्त गर्नुका साथै सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१९. **नायब सुब्बा, तह ५, प्रशासन सेवा, सामान्य प्रशासन समूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ सर्टिफिकेट एक्जामिनेसन) वा सो सरह उत्तीर्ण।

२०. **लेखापाल, तह ५, प्रशासन सेवा, लेखा समूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्रमा प्रवीणता प्रमाणपत्र तह/प्लस टु वा अर्थशास्त्र, गणित वा तथ्याङ्क शास्त्रमध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह/प्लस टु वा सो सरह उत्तीर्ण।

२१. **आन्तरिक लेखा परीक्षण सहायक, तह ५, प्रशासन सेवा, आ.ले.प. समूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, व्यापार प्रशासन वा वाणिज्य शास्त्र विषय लिई प्रवीणता प्रमाणपत्र तह वा कक्षा १० जोड २ वा सो सरह उत्तीर्ण।

२२. **तथ्याङ्क सहायक, तह ५, सूचना प्रविधि तथा तथ्याङ्क सेवा:** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा गणित विषय सहित कुनै विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

२३. **महिला विकास निरीक्षक, तह ५, प्रशासन सेवा, विविध समूह, महिला विकास उपसमूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा परीक्षा (स्कुल लिभिङ सर्टिफिकेट एक्जामिनेसन) वा सो सरह उत्तीर्ण।

२४. **नायब सुब्बा, तह ५, कानून सेवा, कानून समूह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

### खुला तथा समावेशी परीक्षाको लागि सूचना:

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ बमोजिम बमोजिम योग्य भएको हुनुपर्नेछ।

२. प्रथम चरणको खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ) मिति र समयमा हुनेछ।

३. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।

४. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनोट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

५. सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यता क्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा/समूह/उपसमूहको प्राथमिकता क्रम (Priority Order) अनुसार नियुक्तिका लागि सिफारिस गरिने छ।

**अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन:**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू दरखास्त साथ पेश गर्नुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित नक्कल समेत साथमा लिई आउनुपर्नेछ । उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

**क) आदिवासी/जनजातिका हकमा:** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**ख) दलितका हकमा:** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**ग) थारुका हकमा:** थारु आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर थारु आयोगबाट सूचीकृत नभएसम्मका लागि र सूचीकृत भएका जातिभित्र पनि एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**घ) मधेशीका हकमा:** नेपाल सरकारले नेपाल राजपत्रमा वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्र वा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

**ङ) मुस्लिमका हकमा:** राष्ट्रिय मुस्लिम आयोगबाट सूचीकृत भएको मुस्लिम समुदायको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय मुस्लिम आयोगबाट सूचीकृत नभएसम्मका लागि र सूचीकृत भएको जातिको हकमा पनि एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**च) अपाङ्गता भएका व्यक्तिको हकमा:** प्रचलित कानून बमोजिमको अपाङ्गता परिचयपत्र दरखास्तसाथ पेश गर्नुपर्नेछ।

**नोट: स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० बमोजिमको सुविधा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (४) तथा प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम २१ को उपनियम (१) साथै स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० को उपदफा (२) अनुसार एक व्यक्तिले सहायक स्तर तह र अधिकृत स्तर तहमा सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ । उल्लिखित व्यवस्था आकर्षित हुने उम्मेदवारको समावेशी तर्फको दरखास्त जुनसुकै बखत रद्द हुनेछ।**

**द्रष्टव्य:**

क) **स्वास्थ्य सेवा तर्फका सम्पूर्ण पदहरूमा दरखास्त दिन सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भई व्यवसाय अनुमति प्रमाणपत्र** प्राप्त **गरी म्याद कायम भएको हुनुपर्नेछ।**

ख) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने सिङ्गल दस्तुरको अन्तिम मितिसम्ममा न्यूनतम अवधि पूरा भएको हुनुपर्नेछ।

ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिने छैन।

घ) **स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ९ मा सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेश निजामती सेवा वा जुनसुकै स्थानीय सेवाको समान तहको पदमा कार्यरत रहेको कर्मचारी प्रदेश निजामती सेवाको खुला वा अन्तर स्थानीय तह प्रतियोगिता वा आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने तह वा पदको समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन नपाउने व्यवस्था भएकोले यो व्यवस्था आकर्षित हुने उम्मेदवारले दरखास्त फाराम भर्न पाउने छैन। दरखास्त फाराम भरिसेकपछि समान तहमा सिफारिस वा नियुक्ति भए सोको जानकारी सम्बन्धित उम्मेदवारले आयोगमा गराउनुपर्नेछ। उल्लिखित व्यवस्था आकर्षित हुने उम्मेदवारको दरखास्त जुनसुकै बखत रद्द हुनेछ।**

ङ) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० को उपदफा (२) अनुसार उल्लिखित तालिका बमोजिमको सुविधा एक व्यक्तिले सहायक स्तर तह र अधिकृत स्तर तहमा सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ।

च) **महिला विकास तर्फका पदहरूका लागि महिला मात्र उम्मेदवार हुन पाउनेछन्।**

छ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

ज) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा सुरु हुनुभन्दा कम्तीमा १० (दस) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नुपर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन।

झ) दरखास्त दिने अन्तिम मिति (२०८२/९/२० गते) भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्तसाथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसकेका उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

ञ) उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रुपले सङ्केत गर्नुपर्नेछ।

ट) उम्मेदवारले अनलाइन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ **। उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोबाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवार परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ।**

ठ) **विज्ञापन नम्बर र परीक्षा केन्द्र फरक विवरण छनोट भएको अवस्थामा संशोधन सुनिश्चित गर्न आयोग बाध्य हुनेछैन।**

ड) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ढ) दरखास्त दिने पदकका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिनेछ।

ण) पाठ्यक्रम आयोगको वेबसाइट psc.koshi.gov.np बाट प्राप्त गर्न सकिने छ।